JDF 400

# नागरिक संरक्षण आदेशका लागि मार्गदर्शन

## चरणबद्ध रूपमा

### ① अदालतमा दायर गर्नुहोस् (संरक्षित व्यक्ति)

यी फारामहरू पूरा गर्नुहोस्। तपाईंले निम्न दायर गरेपछि अदालतका क्लर्कले सुनवाइ मिति तय गर्नुहुनछे:

- ☐ JDF 402 सिकायत/प्रस्ताव
- ☐ JDF 442 जानकारी-पत्र

आवश्यकता अनुसार:

- ☐ JDF 401 घटना रुजुसूची
- ☐ JDF 404 बालबालिकाहरूका विषयमा सपथपत्र

### ② सुनवाइ: अस्थायी आदेश (संरक्षित व्यक्ति)

यदि सुनवाइ तय गरियो भने सुनवाइमा उपस्थित हुनुहोस् र आफूलाई अदालतको संरक्षण आदेश किन चाहिन्छ छलफल गर्नुहोस्। यदि अदालतले तपाईंको अनुरोध स्वीकार गरेमा:

a) आदेशका प्रामाणित प्रतिहरू लिनुहोस् (2+)

b) आफ्ना परिस्थितिहरूमा आधारित रहेर तपाईंले एक प्रति काम, स्कूल, दिवास्याहार, आदिमा दिनुपर्ने हुनसक्छ।

c) उक्त आदेशको एक प्रति सधैँ आफूसँग राख्नुहोस्।

### ③ व्यक्तिगत सूचनाहरू (संरक्षित व्यक्ति)

यी फारामका प्रतिहरू स्थानीय सेरिफलाई वा कुनै प्रक्रिया सूचकलाई प्रदान गर्नुहोस्। तपाईंले निम्न प्रयोग गर्न सक्नुहुन्छ:

☐ JDF 98 सूचनाको सपथपत्र (§§ 1-4 पूरा गर्नुहोस्)

a) प्रस्ताव/सिकायत (JDF 402)

b) अस्थायी संरक्षण आदेश (JDF 398).

यदि माथिको फाराम दायर गर्नुभयो भने, निम्न फारामहरू पनि सामेल गर्नुहोस्:

c) घटना रुजुसूची (JDF 401)

d) बालबालिका विषय सपथपत्र (JDF 404)

प्रक्रिया सूचकले सूचना पूरा गर्नुहुनेछ, फाराम पूरा गर्नुहुनेछ, र तपाईंलाई फिर्ता गर्नुहुनेछ। त्यसपछि, ती फारामहरू अदालतमा दायर गर्नुहोस्।

### ④ प्रतिक्रिया (निषेधित व्यक्ति)

लिखित प्रतिक्रिया आवश्यक छैन चरण 5 मा जानुहोस्।

### ⑤ सुनुवाइ: स्थायी आदेश (दुवै पक्षहरू)

पक्षहरूले अस्थायी संरक्षण आदेश स्थायी बनाउने सम्बन्धमा अदालतसँग छलफल गर्छन्। अदालतले उक्त अस्थायी आदेश परिमार्जन, विस्तार, वा रद्द गर्न सक्नेछ।

#### संरक्षित व्यक्ति:

a) तपाईंलाई नयाँ प्रमाणित प्रतिहरू आवश्यक हुन सक्छन्।

b) तपाईंले निषेधित व्यक्तिलाई नयाँ संरक्षण आदेशको सूचना दिन आवश्यक हुन सक्छ (यदि त्यसो भए, चरण 3 हेर्नुहोस्)। **अपवादहरू:**

1) अदालतले निषेधित व्यक्तिलाई सुनवाइको एक प्रति प्रदान गरेमा।

2) निषेधित व्यक्ति सुनवाइमा अनुपस्थित भएमा र अस्थायी आदेशमा कुनै परिवर्तनहरू नगरिएमा।

#### निषेधित व्यक्ति:

a) संरक्षण आदेश ध्यान दिएर पढ्नुहोस्।

b) संरक्षण आदेश उल्लङ्घन गरेका खण्डमा तपाईंले आपराधिक अभियोगहरूको सामना गर्नु पर्ने हुन सक्छ।

c) अदालतले मात्र यो आदेश परिमार्जन वा रद्द गर्न सक्छ।

d) संरक्षित व्यक्तिले तपाईंलाई उक्त आदेश उल्लङ्घन गर्ने अनुमति दिन सक्दैन।

# बढी जानकारी

## फारामहरू फेला पार्नुहोस्

फारामहरू अदालतको वेबपृष्ठमा फेला पार्न सकिनेछ:

[www.ColoradoJudicial.gov]

## कसरी दायर गर्ने

प्रक्रिया आरम्भ गर्नुहोस्:

- विद्यमान मुद्दा भित्रै दायर गर्ने वा,
- आफू वा अर्को पक्ष बसोबास गर्ने वा काम गर्ने काउन्टीमा दायर गर्नुहोस्। वा,
- घटना घटेको काउन्टीमा दायर गर्नुहोस्।

यदि घरेलु सम्बन्धहरू (DR) मुद्दा भित्रै दायर गरेका खण्डमा:

- निम्न वेबपृष्ठमा अनलाइन दायर गर्नुहोस्:

[www.jbits.courts.state.co.us/efiling]

## दायर गर्ने शुल्कहरू

संरक्षित व्यक्ति: $95

निषेधित व्यक्ति:

घरेलु हिंसा, यौन उत्पीडन, वा पछ्याउने मुद्दाहरूका लागि दायर शुल्क लाग्दैन।

**अरू शुल्कहरू:**

प्रमाणित प्रतिलिपिहरू $20

व्यक्तिगत सूचना:

**यदि तपाईं यी शुल्कहरू वहन गर्न सक्नुहुन्न भने, निम्न फारामहरू पनि दायर गर्नुहोस्:**

☐ JDF 205 शुल्कहरू छुटका लागि प्रस्ताव

☐ JDF 206 अदालत विषय आदेश शुल्कहरू(§§ A-C पूरा गर्नुहोस्)

## आफ्नो सेलफोनको स्थानान्तरण

तपाईंले आफ्नो (र/वा नाबालक बच्चाको) सेल फोन नम्बर निषेधित व्यक्तिको एकाउन्टबाट आफ्नोमा स्थानान्तरण गर्न अनुरोध गर्न सक्नुहुनेछ। निम्न फारामहरू दायर गर्नुहोस्:

☐ JDF 271 A स्थानान्तरणको प्रस्ताव

☐ JDF 271 B एकाउन्ट विवरण

☐ JDF 77 प्रस्तावित आदेश (A देखि C सम्म मात्र गर्नुहोस्)

एकाउन्ट विवरण फाराम (JDF 271 B) को कुनै पनि प्रति निषेधित व्यक्तिलाई नदिनुहोस् (सूचीत **नगर्नुहोस्**) ।

यदि स्वीकृत भएमा अदालतको आदेश र एकाउन्ट विवरण (JDF 271 B) फारामको एक प्रति सेलफोन प्रदायकलाई प्रदान गर्नुहोस्।

## कानुन तथा अन्य स्रोतहरू

a) संरक्षण आदेश प्रक्रियाहरू समेट्ने कानुन कोलोराडो संशोधित अधिनियम (C.R.S.) शीर्षक 13 (आदेश), दफा 14 (नागरिक संरक्षण आदेश) मा फेला पार्न सकिनेछ।

b) अन्य सम्पूर्ण सूचना विकल्पका लागि C.R.S. 13-14-104.5(9) तथा नागरिक कार्यविधिको कोलोराडो नियमहरू (C.R.C.P.) 4 र 304 हेर्नुहोस्।

c) संरक्षण आदेश परिमार्जन वा रद्द गर्नका लागि, समीक्षा गर्नुहोस्:

1) JDF 396 – संरक्षित व्यक्ति

2) JDF 395 – निषेधित व्यक्ति

## मेरा नोटहरू

- § को अर्थ “खण्ड” हो